सुदुरपश्चिम प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय
फोन नं: ०९९-५२२१८३
ईमेल:akckanchanpur@gmail.com
Website:www.kanchanpur.akc.gov.np

# कृषि ज्ञान केन्द्र,कञ्चनपुर

प.सं. ०८२/०८३
च. न.

**विषय: कृषि यान्त्रीकरण अनुदानका लागी आवेदन पेश गर्ने सम्वन्धी सूचना।**

**प्रथम पटक प्रकाशित मितिः २०८२/०८/११**

यस कार्यालयको आ.व. २०८२/०८३ को स्विकृत कार्यक्रम कृषि यान्त्रिकरण सहयोग कार्यक्रम अन्तर्गत कृषि यन्त्र, औजार उपकरणहरु अनुदानमा वितरण गर्ने कार्यका लागी तपशिल अनुसारका कृषि यन्त्र, उपकरण औजारहरु यस कार्यलयबाट छनौट भएका आपूर्तिकर्ताहरुबाट अनुदानमा लिनको लागि कृषि यान्त्रीकरण अनुदान परिचालन कार्यविधि, २०७६, प्रथम संशोधन २०७७ को अनुसुची-१ (ख) व्यक्तिगत कृषक र कृषक समुहको लागी र अनुसुची-१ (ग) कृषि सहकारी/कृषि फर्म वा कम्पनी र कृषि उधमीका लागी आवश्यक पर्ने सम्पुर्ण कागजातहरु उपभोक्ता आफैले प्रमाणित गरीं कार्यविधिको अनसुची ४ (क) अनुसारको निवेदन र अनुसूची ४ (ख) अनुसारको प्रस्ताव फारम पूर्ण रुपमा भरी यस कार्यालयमा सूचना प्रकाशित भएको मितिले २१ दिन भित्र अर्थात मिति २०८२/०९/०२ गते भित्र कार्यालय सयममा निम्न अनुसारका शर्तहरु पालना गर्ने गरी र स्पष्ट रुपमा खुल्ने गरी पुर्ण विवरण भरिएको अनुसूची फारम साथै अन्य आवश्यक कागजात संलग्न राखी निवेदन पेश गर्न हुन सम्वन्धित सवैको जानकारीको लागी यो सुचना प्रकाशित गरिएको छ । अनुसुची -४ क र अनुसुची ४ ख अनुसार आवेदन भर्दा सामग्रीको मुल्य, अनुदान माग गरेको रकम र यस कार्यलयले आपुर्तिकर्ता छनौट गरिसकेपछि कायम गरेको अनुदान रकम फरक परेमा औजार उपकरण उपलब्धका लागी सिफारिस गर्दा कार्यलयले कायम गरेको अनुदान रकम अनुसार परिमार्जन गरिनेछ ।

<u>तपशिल</u>

| | | | | | |
|---|---|---|---|---|---|
| १. रिपर (पावर टिलर जडित) | २. सिड ड्रिल पावर टिलर जडित | ३. धान थ्रेसर( ट्रयाक्टर जडित) | ४. गहुँ थ्रेसर( ट्रयाक्टर जडित) | ५. मल्टिक्रप थ्रेसर( ट्रयाक्टर जडित) | ६ रिपर( ट्रयाक्टर जडित) |
| ७. रोटाभेटर( ट्रयाक्टर जडित) | ८. डिस्क हैरो ( ट्रयाक्टर जडित) | ९ सिड कम फर्टिलाइजर ड्रिल ( ट्रयाक्टर जडित) मल्टिक्रप | १० पुस रो सिडर | ११ इलेक्ट्रिक कर्न थ्रेसर | १२ पिटडिगर/अर्थ अगर (खाडल खन्ने मेशिन) |
| १३ ट्रयाक्टर जडित स्प्रेयर | १४ रिजर | १५ कल्टिभेटर | १६ लेजर ल्यान्ड लेभलर | १७. उखुको रोटाभेटर | १८ उखुको ट्रेन्चर |
| १९ सुगरकेन लिफ ट्र्यास सेडर | २० सुगरकेन स्टवल सेभर/ र्याटुन म्यानेजर | २१ पोटेटो प्लान्टर आलु खन्ने मेसिन | २२ पोटेटो हार्भेष्टर आलु खन्ने मेसिन | २३ न्यापस्याक पावर स्प्रेयर | २४ एम बि प्लो |

**आवश्यक शर्तहरुः**

१.<u>व्यक्तिगत कृषक, कृषक समूहका लागि</u>

क. व्यक्तीको हकमा नागरिकता र समूहको हकमा समूह दर्ता प्रमाण पत्रको प्रतिलिपी ।

ख. समूहको निर्णय प्रतिलिपी ।

ग. समूहले अनुदान प्रक्रियाको लागि जिम्मेवारी दिई खटाएको अख्तियारी पत्र ।

घ. अधिकार प्राप्त पदाधिकारी वा व्यक्तिगत कृषकको नागरिकता प्रमाण पत्रको प्रतिलिपी र पासपोट साईजको फोटो १ प्रति ।

ङ. यदि समूहको कुनै सदस्यले एकल रुपमा कृषि यन्त्र उपकरणहरु लिन चाहेमा समूहको निर्णय सहितको सिफारिस पत्र पेश गर्नु पर्ने ।

च. समूहको कुनै सदस्यले कृषि औजार यन्त्र उपकरणहरुको सञ्चालन तथा मर्मत सम्बन्धि तालिम लिएको भए सोको प्रमाण पत्रको प्रतिलिपी ।

छ. जग्गाधनी पूर्जाको प्रतिलिपी वा जग्गाको कर तिरेको पूर्जाको प्रतिलिपी वा आफ्नो नाममा जग्गा नभई आफ्नै एकाघरको परिवारका नाममा जग्गा भएमा नाता खुल्ने प्रमाणको प्रतिलिपि तथा ऐलानी जमिनको हकमा प्रमाण खुल्ने कागजातको प्रतिलिपि ।

हरि प्रसाद पनेरु
कार्यालय प्रमुख



CamScanner

सुदुरपश्चिम प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय
कृषि ज्ञान केन्द्र,कञ्चनपुर
फोन नं: ०९९-५२२१८३
इमेल:akckanchanpur@gmail.com
Website:www.kanchanpur.akc.gov.np

प.सं. ०८२/०८३
च. न.

ज. आफूले भोगचलन गर्दै आएको जग्गा करारमा लिएको भए ५ वर्ष सम्झौता अवधि रहेको प्रमाणको प्रतिलिपि।

<u>२.कृषि सहकारी संस्था, नीजि कृषि फर्म वा कम्पनी र कृषि उद्यमीको लागि :</u>

क. संस्था वा फर्म, कम्पनी दर्ता प्रमाण पत्रको प्रतिलिपी ।

ख. संस्था वा फर्म, कम्पनी नविकरण प्रमाणको प्रतिलिपि वा कम्पनी भएमा कम्पनी रजिष्ट्रारको कार्यालयबाट गरिने कम्पनी अद्यावधिक भएको पत्र।

ग. संस्था वा फर्म, कम्पनीको प्यान वा भ्याट प्रमाण पत्रको प्रतिलिपी ।

घ. लेखापरीक्षणको प्रमाणित प्रतिलिपी ।

ङ. आ.व. ०८१।८२ को कर चुक्ता वा म्याद थप प्रमाण पत्रको प्रतिलिपी ।

च. संस्था वा फर्म, कम्पनीको निर्णय प्रतिलिपी ।

छ. संस्था वा फर्म, कम्पनीले अनुदान प्रक्रियाको लागि जिम्मेवारी दिई खटाएको अख्तियारी पत्र ।

ज. अख्तियारी प्राप्त पदाधिकारीको नागरिकता प्रमाण पत्रको प्रतिलिपि र पासपोर्ट साइजको फोटो १ प्रति

झ. संस्था वा फर्म, कम्पनीले भोगचलन गर्दै आएको जग्गा करारमा लिएको भए कम्तीमा ५ वर्ष सम्झौता अवधि रहेको प्रमाणको प्रतिलिपी।

ञ. जग्गाधनी पूर्जाको प्रतिलिपी वा जग्गाको कर तिरेको पूर्जाको प्रतिलिपी

३.आवेदन दिने उपभोक्ताहरु कृषि पेशा, व्यवसायमा संलग्न भएको हुनु पर्ने ।

४.अपुर्ण तथा अस्पष्ट रुपमा भरिएको आवेदन दर्ता हुनेछैन । भुलवस दर्ता भएपनि छनौट प्रक्रियामा समावेश गरिनेछैन ।

५.कृषि यन्त्र, औजार उपकरण खरिद गर्दा यस कार्यालयबाट छनौट भएका आपुर्तिकर्ताहरुबाट मात्रै खरिद गर्नुपर्नेछ ।

६.कृषि यन्त्र, औजार उपकरणहरुको जम्मा मुल्यमा कार्यालयले तोकेको अनुदान मुल्य वाहेकको वाकी रकम उपभोक्ताहरुले व्यहोर्नु पर्नेछ ।

७.अनुदानमा उपलब्ध गराईएका कृषि औजार यन्त्र उ`ाकरणहरु कृषि कार्यमा मात्र प्रयोग गर्नु पर्नेछ साथै उक्त यन्त्र उपकरणहरु अरुलाई विक्रि वितरण गर्न पाईनेछैन ।

८.विगत दुई (२) आ.व. भित्र कृषि विकास निर्देशनालय, कृषि ज्ञान केन्द्र तथा कृषि सँग सम्वन्धित अन्य आयोजना तथा परियोजना र संघ सस्थाहरुबाट अनुदानमा कृषि यन्त्र, औजार उपकरण लिएको उपभोक्तालाई कार्यक्रममा समावेश गरिनेछैन । साथै विगत २ वर्ष भित्र अनुदानमा कृषि यन्त्र औजार उपकरण लिएको छैन भनेर स्वघोषणा पत्र निवेदन साथ समावेश गर्नु पर्ने छ ।

९.सम्वन्धित स्थानीय तहको सिफारीस पत्र ।

नोटः कृषि यान्त्रीकरण अनुदान परिचालन कार्यविधि, २०७६, प्रथम संशोधन २०७७ र उपभोक्ताहरुले भर्नुपर्ने आवेदन अनुसुची - ४ सम्वन्धित स्थानीय तहबाट प्राप्त गर्न सकिने तथा यस कार्यालयको वेवसाइट http://kanchanpur.akc.gov.np/बाट पनि डाउनलोड गर्न सकिनेछ।

**राजश्व सम्वन्धि व्यवस्था :**

**कार्यालय :कृषि ज्ञान केन्द्र कंचनपुर ,कार्यालय कोडः ३१२०१७६०५७,बैंक :राष्ट्रिय वाणिज्य बैंक , राजश्व शिर्षक नम्बरः१४२२९ , राजश्व दस्तुर १ देखि ५ लाख सम्को कार्यक्रमका लागि रु ३००**

**हरि प्रसाद पनेरु**
कार्यालय प्रमुख